सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।०९।२३ गते। |
|---|---|---|

**श्री गृह मन्त्रालय।**
**राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।**

**बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र(DEOC) हरुको मिति २०८०।०९।२२ गते बेलुका १७:०० बजे देखि मिति २०८०।०९।२३ गतेको बिहान ०७:०० बजे सम्म विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार खुलाई पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ।

❖ **जंगली जनावरको आक्रमण ।**

✍ **जिल्ला डोटी**

मिति २०८०।०९।२२ गते १५:०० बजेको समयमा जिल्ला डोटी आर्दश गा.पा ०४ रोडीङ बस्ने बर्ष ५६ की गौरी भाट र ऐ.बस्ने बर्ष ५० को जंगी भाट ऐ.बढीखेत स्थित खोलामा खेतवारी हेर्न गएको अवस्थामा जंगली जनावर भालुले आक्रमण गरी घाईते बनाई दुबै जनालाई उपचारको लागी शैलेश्वरी अस्पताल दिपायलमा ल्याई सामान्य उपचार पश्चात थप उपचारको लागि धनगढी पठाईएको।(**गौरी भाटको आंखा,कम्वर, पिठ्यु, टाउको, पाखुरा र खुट्टामा चोट अवस्था मध्यम र जंगी भाटको आंखा ,पिठ्यु र खुट्टामा चोट अवस्था मध्यम**) भनि ईप्रका आदर्श डोटीमा गौरी भाटका श्रीमान कर्ण भाट्टले जानकारी गराएको ।